Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024

DOI: https://doi.org/10.3126/spandan.v14i2.74867

# जुम्ली भाषाको नाम र कोटिकरबीचको सङ्गति व्यवस्थाले नेपाली भाषाको सिकाइमा परेको प्रभाव

**डा. ओमप्रकाश आचार्य**

**त्रिभुवन विश्वविद्यालय**

*omacharya3851@gmail.com*

## लेखसार

*नेपालको भौगोलिक विभाजन अनुसार जुम्ला जिल्ला प्रादेशिक संरचनामा कर्णाली प्रदेशको उत्तरी खण्डमा पर्दछ । यही जुम्ला जिल्लामा बोलिने भाषा जुम्ली भाषा हो । जुम्ली भाषा बोल्ने वक्ताहरु कर्णाली प्रदेशको जुम्ला, हुम्ला, मुगु, कालीकोट, सुर्खेत एवम् सुदूरपश्चिमको बाजुरा, कैलाली, कञ्चनपुर, मध्यपश्चिमको बाँके, बर्दिया, दाङमा समेत बसोबास गर्दछन् । यस्ता जुम्ली भाषी वक्ताहरुले बोल्ने अभिव्यक्तिमा भाषिक व्याकरण अनुसार नाम र कोटिकरबीचको सङ्गति व्यवस्थाको यस लेखमा अध्ययन गरिएको छ । यो अनुसन्धानमूलक लेख हो । जुम्ली भाषामा नाम र कोटिकर व्यवस्था कस्तो छ ? त्यस्तो व्यवस्था नेपाली भाषा भन्दा ध्वनिगत वर्णगत, शब्दगत एवम् संरचनात्मक आधारमा के कति भिन्न छ ? भन्ने अनुसन्धानात्मक प्रश्नमा आधारित हुँदै जुम्ली भाषामा नाम र कोटिकाबीचको सङ्गति व्यवस्थाको अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य हो । गुणात्मक ढाँचामा केन्द्रित यस लेखमा पुस्तकालय र क्षेत्रगत अध्ययन विधि अवलम्बन गरिएको छ । तथ्याङ्क सङ्कलनका स्रोत प्राथमिक र द्वितीय रहेका छन् भने उद्देश्य परक नमुना छनोट प्रक्रिया अपनाइ वर्णनात्मक विश्लेषणात्मक एवम् तुलनात्मक ढङ्गबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । भाषिक संरचनाले जुम्ली भाषा मौलिक पहिचानको भाषा हो । यसको संरचना नेपाली भाषाभन्दा भिन्न छ । मौखिक अभिव्यक्तिमा मुख्य रुपमा व्यवहारत यो भाषा लेखन पद्धतिमा जुम्ला जिल्लाका स्थानीय संचार साधन (एफ.एम.) मा स्थानीय खस जुम्ली भाषामा रैवार र विज्ञापन सम्प्रेषणका अतिरिक्त अन्य क्षेत्रमा लिखित प्रयोग अभाव छ । यस भाषाको अभिव्यक्तिमा कोटिकर शब्दावलीले संरचना नै मौलिक प्रकृतिको छ यसले नेपाली भाषा सिकाइमा पर्ने सिकाइगत सहजता र असहजताको भाषिक तुलनात्मक अध्ययनले समानताले सिकाइमा सहजता र असमानताले सिकाइगत असहजता देखापर्ने गर्दछ ।*

**प्रमुख शब्दावली :** क्रियागत, मानवीय, मानवेत्तर, सङ्ख्येय, सङ्गति ।

## विषय प्रवेश

भाषाको सूचीमा ५२ औं स्थानमा अंकित जुम्ली भाषा राष्ट्रिय जनगणना २०६८ का अनुसार करिब ८४१ वक्ता संख्या देखायता पनि जुम्ला जिल्लामा नै १ लाखभन्दा बढी जनसंख्याले जुम्ली भाषाको प्रयोग गर्दछन् । यस अतिरिक्त नेपालका विभिन्न भूभागमा समेत जुम्ली भाषी वक्ताहरु छरिएर रहेका छन् । कर्णाली अञ्चलकै व्यक्तिहरुलाई जुम्ली र उनीहरुले बोल्ने भाषालाई जुम्ली भाषी भनिनेछ । जुम्ली भाषाको भाषिक संचरना अभिव्यक्तिमा ध्वनि मौलिक प्रकृतिको छ । भाषिक संचरनामा  व्याकरणिक आधारमा  नाम र  कोटिकरबीचको सङ्गति व्यवस्थाको यस लेखमा अध्ययन गरिएको छ ।  जुम्ली भाषामा नाम र कोटिकरबीच देखिएको सङ्गति व्यवस्था नेपाली भाषाको नाम र कोटिकरबीचको सङ्गति व्यवस्था बीच तुलनात्मक रुपमा समेत अध्ययन विश्लेषण गरिएको छ ।

## समस्या

यस लेखको मुख्य समस्या भनेको जुम्ली भाषामा नाम र कोटिकरबीच सङ्गति व्यवस्था कस्तो छ ? भन्ने नै हो । जुम्ली भाषामा देखिएको नाम र कोटिकरबीचको सङ्गति व्यवस्थाका आधारमा नेपाली भाषाको नाम र कोटिकरबीचको सङ्गति व्यवस्थाको के कस्तो भिन्नता वा समानता छ ? यसले नेपाली भाषाको शिक्षण सिकाइमा यसले पारेको प्रभाव अनुसन्धानात्मक प्रश्न एवम् समस्यामा यो लेख केन्द्रित छ ।

## उद्देश्य

जुम्ली भाषामा नाम कोटिकरबीचको सङ्गति व्यवस्थाको अध्ययन गर्नु नै यस अनुसन्धानात्मक लेखको मुख्य उद्देश्य हो । यस आधारमा जुम्ली भाषामा नाम र कोटिकरबीचको सङ्गति, कोटिकर शब्दावलीको अध्ययन गर्नु एवम् जुम्ली भाषा र नेपाली भाषामा यसको समानता र भिन्नता पहिल्याउनु नेपाली भाषाको शिक्षण सिकाइमा जुम्ली भाषी विद्यार्थीहरुका लागि जुम्ली भाषाले पारेको प्रभावको अध्ययन अर्को महत्वपूर्ण र गहन उद्देश्य यस लेखको हो ।

## अध्ययन परिसीमन

यस लेखको अध्ययन जुम्ली भाषामा नाम र कोटिकरबीचको सङ्गतिमा मात्र सीमित रहेको छ । जुम्ला जिल्लाका सिँजादरा,  असीदरा, चौधवीसदरा पानसयदरामा जुम्ली भाषी वक्ताले अभिव्यक्त गरेका नाम र  कोटिकरबीचको सङ्गतिको  मात्र अध्ययन गरिएको छ । नेपाली भाषामा  रहेको नाम र कोटिकरबीचको सङ्गति र जुम्ली भाषामा रहेको नाम र कोटिकरबीचको सङ्गतिको तुलनात्मक अध्ययनमा केन्द्रित यस लेखका सीमा हुन् ।

Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024

## पूर्वकार्यको पुनरावलोकन

सिजापति (२०७५) को जुम्ली शब्दकोश कृतिले जुम्ली भाषाका शब्द र तिनको नेपालीमा अर्थ खुलाएको छ । यस शब्दकोशका सहायताले  जुम्ली भाषामा के कस्ता शब्दहरु छन् र तिनको संरचना कस्तो छ भने अध्ययन गर्न सहज हुने गर्दछ । प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित यस शब्दकोश निर्माण प्रक्रिया क्षेत्रगत अध्ययन (शब्द सङ्कलन) र कोशीय ढाँचामा तयार पारिएको छ ।

भाषा  आयोग (२०७५) को जुम्ली भाषाको वर्ण निर्धारण अनुसन्धान प्रतिवेदनमा जुम्ला जिल्लामा बोलिने भाषाका  वर्णहरुको भाषा वैज्ञानिक आधारमा अध्ययन गरिएको छ । यस अध्ययनले जुम्ली भाषाका स्वर वर्ण, व्यञ्जन वर्ण र द्विस्वर वर्ण निर्धारण गरिएको छ । यस अध्ययन प्रतिवेदनले जुम्ली भाषाका वर्ण पहिचानमा मद्दत गरेको छ ।

भाषा आयोग (२०७५) को जुम्ली भाषाको शब्द सङ्कलन अनुसन्धान  प्रतिवेदनमा जुम्ली भाषाका शब्दहरु सङ्कलन  गरिएको छ । सङ्कलित शब्दहरुको नेपाली भाषामा अर्थ पनि स्पष्ट पारिएको छ । यस अनुसन्धान  प्रतिवेदनका सरहायताले जुम्ली भाषाको शब्दको संरचनाको अध्ययन गर्न मद्दत गर्दछ । क्षेत्रगत अध्ययनबाट तथ्याङ्क सङ्कलन गरी तयार पारिएको यो अनुसन्धान प्रतिवेदन अनुसन्धान विज्ञबाट तयार पारिएको छ ।

## अध्ययन विधि

यो लेख गुणात्मक ढाँचामा पुस्तकालयीय र क्षेत्रगत अध्ययन विधिका आधारमा तयार पारिएको छ । प्राथमिक र द्वितीय स्रोत तथ्याङ्क स्रोत हुन्  भने उद्देश्यमूलक ढङ्गबाट जुम्ला जिल्लाका सिँजादरा, पानसयदरा, असीदरा, चौधुविसदरामा  क्षेत्रगत अध्ययन गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । जुम्ली भाषी  वक्ताल बोलेका कुरामा टेपबद्ध रेकर्ड गरेर भाषामा देखिएको नाम र कोटिकरबीचको सङ्गति व्यवस्थाको अध्ययन विश्लेषण गरिएको छ । वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइ तुलनात्मक विधिको समेत यस लेखमा प्रयोग गरिएको छ । यस लेखका तथ्याङ्क सङ्कलन सामग्री जुम्ली भाषाका  मौखिक अभिव्यक्ति हुन् भने नेपाली भाषाका व्याकरणिक आधार हुन् ।

## अध्ययनको विश्लेषण

### नाम र कोटिकरबीचको सङ्गति

नाम भन्दा अगाडि र सङ्ख्यावाचक शब्द पछाडि आउने *जना* र *वटा* जस्ता शब्दलाई कोटिकर भनिन्छ । वाक्य वा वाक्यात्मक संरचनामा नामसँग अर्को कुनै पदका बीचमा मेल, सङ्गति वा अन्वय भएझैं सङ्ख्यावाचक शब्द र नामका बीचमा विशेष प्रकारका शब्द आउँछन् त्यस्ता शब्दहरूलाई कोटिकार भनिन्छ (पोखरेल, २०५६ : ७३) । नामका आकार, नाप, रङ्ग, गति, सजीवता जस्ता विशेष गुण बताउने रूपलाई कोटिकर भनिन्छ (क्रिष्टल, १९८४ : ६१) ।  कुनै नामसँग प्रयुक्त भएर त्यसको उपभेद जनाउने जना,

वटा, गेडो, सितो जस्ता रूप कोटिकरमा चिनिन्छन् । नाम र कोटिकाबीच हुने सङ्गतिका प्रमुख प्रकारहरू यसप्रकार छन् :

क) जुम्ली भाषामा असङ्ख्येय नाम र कोटिकरमा क्रियागत सङ्गति निम्नानुसारको हुन्छ :

| जुम्ली | नेपाली |
|---|---|
| एक गल्छी धागो छ । | एक लच्छी धागो छ । |
| एक आँठो घाँस छ । | एक मुठो घाँस छ । |
| दुई चोइला भात छ । | दुई चोइला भात छ । |
| एक सिन्को धुप छ । | एक सिन्को धुप छ । |
| चार धरा टालाछुन् । | चार धरा लुगा छन् । |
| दश छिटा मसी छ । | दश थोपा मसी छ । |
| एक छिटो पानी छ । | एक थोपा पानी छ । |

जुम्ली भाषामा असङ्ख्येय नामका अगाडि आएको सङ्ख्यावाचकले कोटिकरको क्रियालाई प्रभाव पार्ने गरेको हुन्छ । जुम्ली भाषामा कोटिकर शब्द समेत नेपाली भाषामा भन्दा भिन्न रहेका हुन्छन् ।

ख) जुम्ली भाषामा मानवीय सङ्ख्येय नाममा कोटिकर र क्रियाको सङ्गति निम्नानुसार हुन्छ :

| जुम्ली | नेपाली |
|---|---|
| एक जुना मान्ठ छ । | एक जना मान्छे छ । |
| तीन जुना छोरा छुन् । | तीन जना छोरा छन् । |
| एक जुना लोग्न्या मान्ठ छ । | एक जना लोग्ने मान्छे छ । |
| दुई जुनी स्हवाइनी मान्ठ छुन् । | दुई जना स्वास्नी मान्छे छन् । |
| दश जुना मान्ठ आया । | दश जना मान्छे आए । |

जुम्ली भाषाका *एक* जुना *मान्ठ छ, तीन* जुना *छोरा छुन्* वाक्यमा देखिएका *जुना* मानवीय कोटिकर र सङ्ख्येय नामले एकवचन र बहुवचनका आधारमा क्रियामा प्रभाव पारेको हुन्छ । *एक जुना लोग्न्या मान्ठ छ, दुई जुनी स्हवाइनी मान्ठ छुन्* वाक्यमा पनि कोटिकर लिङ्गीय रूपमा पनि प्रभावित हुन्छ । त्यसैगरी *दश जुना मान्ठ आया* मा समेत सङ्ख्येय नामका आधारमा क्रियामा प्रभाव परेको हुन्छ ।

ग) जुम्ली भाषामा मानवेतर प्राणीवाचकमा कोटिकर र क्रियाबीचको सङ्गति निम्नानुसारको हुन्छ :

| जुम्ली | नेपाली |
|---|---|
| एक बाखो छ । | एउटा बाखो छ । |
| तीन गाई छुन् । | तीनवटा गाई छन् । |
| चार भुइँसा छुन् । | चारवटा भैंसी छन् । |

| | |
|---|---|
| दश कुकुडा छुन् । | दशवटा कुखुरा छन् । |

जुम्ली भाषामा *एक बाखो छ* सङ्ख्येय नामको मानवेतर वाक्य हो । त्यसैगरी *तीन गाई छुन्, चार भुइँसा छुन्* र *दश कुकुडा छुन्* वाक्यमा सङ्ख्येय नाममा क्रिया प्रभावित हुन्छ । तर यी वाक्यमा कोटिकरको प्रयोग नै भएको छैन । यसरी जुम्ली भाषामा मानवेतर प्राणीवाचक सङ्ख्येय नाममा कोटिकरको प्रयोग हुँदैन । नेपाली भाषामा भने मानवेतर प्राणीवाचक सङ्ख्येय नामका अगाडि *'वटा'* कोटिकर प्रयोग भएर क्रिया प्रभावित हुन्छ ।

घ) जुम्ली भाषामा मानवेतर अप्राणीवाचक सङ्ख्येय नाम र कोटिकरको सम्बन्ध निम्नानुसारको हुन्छ :

| जुम्ली | नेपाली |
|---|---|
| एक कोसो केला । | एक कोसो केरा । |
| एक घडी केला । | एक घरी केरा । |
| एक दानु आलुवा । | एक दानो आलु । |
| एक ठुन्को दाउरो । | एक चिर्पट दाउरो । |
| एक कुड्को स्हुपारी । | एक कुड्को सुपारी । |
| एक डाङलो उखु । | एक आँख्लो उखु । |
| एक चिरो काक्डो । | एक चिरो काक्रो । |
| एक गेडो आलुवा । | एक गेडो आलु । |
| एक सितो भात । | एक सितो भात । |
| एक छिटो पानी । | एक थोपो पानी । |
| एक खिली चुरोट । | एक खिली चुरोट । |

जुम्ली भाषामा *केला*का लागि *कोसो/घडी, आलु*का लागि *दानु/गेडो, दाउरा*को लागि *ठुन्को, सुपारी*का लागि *कुड्को, उखु*का लागि *डाङ्लो, काक्रो*का लागि *चिरो, भात*का लागि *सितो, पानी*का लागि *छिटो र चुरोट*का लागि *खिली* कोटिकरको प्रयोग हुने गरेको छ । जुम्लीमा नेपाली भाषाका भन्दा कोटिकर शब्दावलीको संरचना भिन्न रहेको छ ।

## निष्कर्ष

जुम्ली भाषामा नाम र कोटिकरबीचको सङ्गति व्यवस्था मौलिक प्रकृतिको छ । कोटिकर शब्दावली नै लुम्ली भाषामा नेपाली भाषा भन्दा भिन्न प्रकृतिका छन् । जुम्ली भाषामा कोटिकर शब्दावलीको स्त्रीलिङ्गी प्रयोग पाइन्छ । मानवेत्त प्राणीहरुमा प्रयोग हुने कोटिकर शब्दावली नेपाली भाषाभन्दा भिन्न देखिन्छन् । यसरी जुम्ली भाषामा नाम र कोटिकरबीच सङ्गति व्यवस्था छ । तर कोटिकर लिङ्ग आधारमा परिवर्तन हुनु एवम् मौलिक रुपमा कोटिकर शब्दावली हुनु जुम्ली भाषामा देखिएको कोटिकर विशेषता हो । यस्तो विशेषता नेपाली भाषाका तुलनामा पृथक सावित हुनपुग्छ यसले जुम्ली मातृभाषी विद्यार्थीहरुलाई नेपाली भाषा सिक्दा जुम्ली भाषाको सङ्गतिगत प्रभाव पर्दछ ।

**सन्दर्भसामगी सूची**

अधिकारी, हेमाङ्गराज (२०६२/२०६८), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, राजेन्द्रकुमार (२०६०), *केन्द्रीय नेपाली शब्दकोश,* काठमाडौं : विवेकशील प्रकाशन ।

गौतम, देवीप्रसाद (२०४९), *नेपाली भाषा परिचय,* काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०६७), *पाँचसय* वर्ष, काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५६), *नेपाली वाक्य व्याकरण,* काठमाडौं : एकता बुक्स ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

भाषा आयोग (२०७५), *जुम्ली भाषाको वर्ण निर्धारण,* काठमाडौं, शङ्खमुल ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५९), *भाषाविज्ञान,* कीर्तिपुर : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

योगी, नरहरिनाथ (शाके १८८७ संवत् २०२२), *इतिहास सन्धिपत्र सङ्ग्रह,* भाग १, वाराणसी : रामकटोरा रोड ।

रिमाल, प्रदीप (२०२८), *कर्णाली लोक संस्कृति साहित्य सङ्गीत र कला,* खण्ड ५, काठमाडौं : नेराप्रप्र ।

शर्मा, मोहनराज (२०५३), *शब्दरचना र वर्णविन्यास वाक्यतत्व, अभिव्यक्ति र पाठहरू,* काठमाडौं : नवीन प्रकाशन ।

शर्मा, मोहनराज र लुँइटेल, खगेन्द्रप्रसाद (२०५०), *शोधविधि,* काठमाडौं : साझा प्रकाशन ।

Best, J.W. and Kahn, J.V. (1999). *Research in Educational* (7th ed.). New Delhi: Prentice Hall of India.

Central Bureau of Statistics (2012). *National Population and Housing Census.* Kathmandu.

Cohen, L., Manion, L. and Marrison, K. (2007). *Research Methods in Education* (6th ed.). London: Routledge.

Crystal, D. (1984/1996). *A dictionary of linguistics and phonetics*. USA: Back well publication.